

# अध्याय -१०

## पति र पत्नीहरू: क्रूसको छहारीमा सँगसँगै

**यस अध्यायका मूल पदहरू: एफिसी ५:२१-३३; फिलिप्पी २:३,४; इजकिएल १६:१-१४; २ कोरन्थी ११:१-४: उत्पत्ति २:१५-२५।**



यस अध्यायको मूल सार पदः "पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्।" एफिसी ५:२५-२७।

विश्वासीहरूको बीचमा एक आपसमा समर्पित हुनुपर्छ (एफिसी ५:२१) भन्ने धारणामा पावलले एफिसी ५:२१-३३ रचेका छन्; येशूभक्त पत्नीहरूलाई उनले सल्लाह दिन्छन् (एफिसी ५:२२-२४) र पतिहरूलाई पनि (एफिसी ५:२५-३२); अनि दुवै पति र पत्नीहरूलाई दिएको सल्लाहको निचोड निकाल्दै यो अंश तुंग्याउँछन् (एफिसी ५:३३)।

पुनरुत्थान हुनुभएका ख्रीष्टले हाम्रो एक आपसको सम्बन्धको बारेमा सम्बोधन गर्नुभएको सल्लाह आजको बाइबलका विद्यार्थीहरूलाई सुनाइएको छ। एफिसी पत्रको महान् विषयबस्तु नै एकता हो। त्यो एकतालाई कसरी सार्थकता दिने भनेर एफिसी ५:२१-६:९ले हामीलाई बुझाउन खोज्छ। त्यो

एकता केवल विश्वासीहरूको बीचमामात्र नभएर घरेलु परिवारमा पनि हुनुपर्छ भनेर उनले जिकिर गर्दछन्। पुरानो मानव जीवनको सामाजिक संरचनाको कमीकमजोरीप्रति पावलले घोर आपत्ति जनाउँछन् (एफिसी ४:२२), फेरि त्यसैबेला नयाँ मानवतावादको सृष्टिप्रति पावलले आनन्द मनाउँछन् (एफिसी २:१५)। कमजोरी सामाजिक संरचनामा नै नयाँ संरचना बृहतरूपमा गाभिएको थियो। ती संरचनामा नै विश्वासीहरू पवित्र आत्माको नयाँ शक्तिमा सशक्त भएर (एफिसी २:२२; ३:१६;५:१८-२१; ६:१७,१८) अन्यजातिरूको सामु येशू ख्रीष्टमा भएको नयाँ नैतिकतालाई अंगालेर नयाँ समाजको नमुना प्रस्तुत गर्दछन्। परमेश्वरका जनहरू र संसारको निम्ति नयाँ समाजको सृजना गर्ने उहाँको योजना इसाई विश्वासीहरूले अहिले नै आफ्नो जीवनमा चरितार्थ गरेको परमेश्वरले अपेक्षा गर्नुहुन्छ।

## १. इसाई पत्नीहरूलाई सल्लाह

चर्चका विश्वासीहरू एक आपसमा समर्पित हुनुपर्छ भन्ने आभास् दिँदै (मर्कूस १०:४२-४५; रोमी १२:१०; फिलिप्पी २:३,४) एफिसी ५:२१, ५:१-२० र एफिसी ५:२२-३३लाई पावलले पल्टाउँछन्। येशूप्रति श्रद्धा राखेर विश्वासीहरू एक आपसमा समर्पित हुनुपर्दछ। धर्म वा विधिहरूसँग होइन तर येशू ख्रीष्टसँगको सम्बन्धलाई पावलले अत्यन्तै महत्त्व दिएका छन्। विश्वासीहरूले गर्छन् भन्दा पनि कोसँग सम्बन्ध छ त्यसले असली पहिचान दिँदछ।

**एक आपसमा समर्पित हुनु भनेर पावलको अर्तीलाई हामीले कसरी बुझ्ने? "ख्रीष्टको श्रद्धामा एक-अर्काको अधीनमा बस।" एफिसी ५:२१।**

आफ्ना श्रीमानहरूप्रति प्रभुलाई जस्तै गरेर समर्पित हुनु भनेर पावलले इसाई पत्नीहरूलाई आह्वान गर्दछन् (एफिसी ५:२२)। आआफ्ना श्रीमानहरूमा समर्पित हुने कुरामा पावलले स्पष्टरूपमा छलफल गर्दछन् (१ पत्रुस ३:१,५ पनि हेर्नुहोस्)। जब आफ्नो श्रीमानलाई प्रभु जस्तै ठानेर  समर्पित हुनु भनेको के उनको श्रीमान ख्रीष्ट हो भनेर पावलले भनिरहेका छन् त वा उनको समर्पण येशू ख्रीष्टलाई नै सत्य मानेर उनको उच्च केन्द्रविन्दु वा फोकस उहाँ नै हो भनेर मानेर चल्नु?

एफिसी ६:७मा दासहरूलाई प्रभुलाई जस्नो सेवा गर्नु तर मानिसहरूलाई खुशी पार्न होइन भनेर पावलले एफिसी ६:७मा उल्लेख

गर्दछन्। कलस्सी ३:१८मा पावलले लेख्दछन्, "पत्नी हो, प्रभुको दृष्टिमा सुहाउँदो गरी आ-आफ्ना पतिहरूका अधीनमा बस।" पतिको अधिनमा त बस तर प्रभुका दृष्टिमा सुहाउँदो हुनुपर्दछ। यो आह्वान येशूभक्त पत्नीहरूलाई दिएको हो जसले आफ्नो श्रीमानलाई भन्दा बढि श्रद्धा र आदर ख्रीष्टलाई दिएको हुन्छ।

दुवै कलस्सी र एफिसीमा चर्चको शिर वा प्रधान ख्रीष्ट हुनुहुन्छ भनेर परिचित गराएको छ। चर्च उहाँको शरीर हो (एफिसी १:२२, ५:२३, कलस्सी १:१८): "पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ।" एफिसी ५:२३। पति पत्नीको शिर भन्ने हकदावी त्यसबेला गर्न सक्छ जब पति पनि ख्रीष्टको निष्ठामा रहेर सेवा गर्दछन्। पत्नी बफादारिता वा निष्ठा पतिले पाउन उनी ख्रीष्टको नमुनामा हिँड्नुपर्दछ। वैवाहिक जीवन प्रेमिलो, एक आपसको हेरचाह गर्ने हुनुपर्छ। पति र पत्नी एक आपसमा मनमुताव गरेर वा एक आपसलाई दमन गरेर बस्न बाइबलले छुट दिँदैन। कुनै किसिमको घरेलु हिँसालाई अनुमोदन गर्न यस पदलाई प्रयोग गर्न यस पदको सरासर अन्याय हो।

**माथिको धारणासँग सहमत हुन एलेन जी ह्वाइटको यो कथन याद गर्नु जरुरी छः "श्रीमान आफ्नी श्रीमतीको शिर भन्दै रडाको मचाएर, आँधिबेरी जस्तै भएर, खस्रो, रुखो, असभ्य, मैमत्ता, अहङ्कारी, स्वार्थी, आफ्नोमात्र भाउ खोज्ने, कर्कश बोली बोल्ने, निष्ठुरी भएर दमन नीति कहिल्यै अपनाउनु हुन्न।** त्यस खालको नीति अपनाउने वा स्वभाव भएको श्रीमानले आफू आफ्नो श्रीमतीको शिर हो भनेर कहिल्यैपनि दावी गर्नुहुन्न त त अधिकार नै छ। यस परिवेशमा श्रीमतीले आफ्नो श्रीमानले भनेको सबै कुरामा समर्पित हुनुपर्छ भन्ने कर छैन किनकि उनको श्रीमान प्रभु होइन। यथार्थमा भन्ने हो भने सही बोलीमा त्यस खालको श्रीमान उनको श्रीमान नै होइन।"-एलेन जी ह्वाइट, एडभेन्टिस्ट होम, पृ. ११७।

## २. चर्च येशू ख्रीष्टको दुलहीको रूपमाः भाग १

**पावलले इजिकिएल १६:१-१४मा लेखिएको तत्वहरूलाई सम्झन्दै एफिसी ५:२५-२७, २९ कोर्दछन्। ती पदहरूमा पावलले के तत्वहरू कोर्दछन्? हेर्नुहोस्, इजकिएल १६:१-१९ "१ परमप्रभुको यो वचन मकहाँ**

आयोः २ “हे मानिसको छोरो, यरूशलेमलाई त्यसका घिनलाग्दा व्यवहारहरू
जनाइदे, ३ र त्यसलाई भन्, ‘यरूशलेमलाई परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः
तेरो पुर्ख्यौली र तेरो जन्म कनानीहरूको देशमा भएको हो। तेरो बाबु एक
एमोरी थियो, र तेरी आमाचाहिँ हित्तीनी थिई। ४ जन्मँदा कसैले पनि तेरो नाभि
काटेन, न त तँलाई सफा गर्नलाई पानीले नुहाइदियो। कसैले तेरो शरीर नूनले
दलेन। कसैले तँलाई लुगाले बेह्रेन। ५ यी सबै काम गर्न कसैले तँमाथि
टिठ्याएर दया देखाएन। बरु तँ जन्मँदा घृणित वस्तुझैं तँ बाहिर मैदानमा
फालिइस्। ६ “ ‘तब म तेरो छेउबाट भएर जाँदा मैले तँलाई तेरो रगतमा
लट्पटिरहेको देखें, र रगतमा लट्पटिएकै अवस्थामा मैले तँलाई भनें, “तँ बाँच्।”
७ “मैदानको बोटजस्तै मैले तँलाई बढ्न लगाएँ। अनि तँ बढ़ेर ठूलो भइस्, र
सबैभन्दा सुन्दर रत्न भएर तँ तरुणी भइस्। तेरा स्तन पनि बनिए, र तेरो कपाल
लामो भयो, तँ, जो अघि नाङ्गै र वस्त्रविहीन थिइस्। ८ “ ‘त्यसपछि म तेरो
छेउबाट भएर जाँदा मैले तँलाई प्रेम गर्ने अवस्थामा पुगेकी देखें। तब मैले मेरो
वस्त्रको छेउ तँमाथि ओढ़ाएर तेरो नग्नता ढाकिदिएँ। मैले तँसित बाचा बाँधें र
करार पनि गरें, र तँ मेरो भइस्, परमप्रभु परमेश्वर भन्नुहुन्छ। ९ “ ‘मैले तँलाई
पानीले नुहाएर तेरो रगत धोइदिएँ, र तँलाई मलहम लगाइदिएँ। १० त्यसपछि
तँलाई बुट्टादार वस्त्र पहिराइदिएँ, र तेरो खुट्टामा छालाका जुत्ता लगाइदिएँ। मैले
तँलाई मलमलको कपड़ा पहिराइदिएँ, र दामी-दामी लुगाले तँलाई ढाकें। ११
मैले तँलाई गरगहनाले आभूषित गरें, तेरा हातमा चुरा लगाइदिएँ, तेरो गलामा
सिक्री पहिराइदिएँ। १२ मैले तेरो नाकमा नत्थ लगाइदिएँ र कानमा लुर्का
लगाइदिएँ, तेरो शिरमा सुन्दर शिरपेच लगाइदिएँ। १३ यसरी तँ सुन र चाँदीले
आभूषित भइस्, अनि तेरा वस्त्र मलमलको कपड़ा, र दामी बुट्टादार कपड़ाका
भए। तेरो खानेकुरो मसिनो पीठो, मह र भद्राक्षको तेल थिए। तँ अत्यन्तै सुन्दरी
भएर बढ़िस्, र रानी हुने योग्यकी तँ भइस्। १४ तेरो सौन्दर्यले गर्दा तेरो ख्याति
जाति-जातिहरूका बीचमा फैलियो, किनभने मैले तँलाई दिएको गौरवको कारण
तेरो सौन्दर्य कलङ्करहित थियो, परमप्रभु परमेश्वर भन्नुहुन्छ। १५ “ ‘तर तैंले
आफ्नो सौन्दर्यमा भरोसा राखिस् र तेरो ख्याति फिँजाएर तँ एक वेश्या भइस्।
तेरो छेउबाट भएर जाने जोसुकैलाई पनि तैंले आफ्नो निगाह राखिस् र तेरो
सौन्दर्य त्यसैको भयो। १६ आफ्नो केही वस्त्र लिएर तैंले राम्ररी सिङ्गारिएका
डाँड़ाका थानहरू बनाइस्, र त्यहीं नै तैंले आफ्नो वेश्यावृत्ति गर्न लागिस्। त्यस्तो
त अघि कहिल्यै हुनु नपर्ने न त पछि हुनुपर्नेथियो। १७ मैले तँलाई दिएको

**सुनचाँदीको तेरो सुन्दर-सुन्दर रत्नहरूबाट तैंले आफ्नो निम्ति पुरुष-मूर्तिहरू बनाएर तीसित वेश्यावृत्ति गरिस्। १८ तैंले आफ्ना बुट्टादार कपड़ाहरू तिनीहरूलाई ढाक्न लगिस्, र मेरो तेल र धूप तिनीहरूका अगि चढ़ाइस्। १९ मैले तँलाई खानेकुरा पनि जुटाइदिएँ– मसिनो पीठो, मह र भद्राक्षको तेल तँलाई खानलाई दिएँ, तर तैंले ती तिनीहरूका अगि सुगन्धित बास्ना हुनलाई चढ़ाइस्। त्यसै नै भयो, परमप्रभु परमेश्वर भन्नुहुन्छ।" अब एफिसी ५:२५-२९ "२५ पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, २६ यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, २७ र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्। २८ त्यसरी नै पतिहरूले पनि आ-आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ। आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ। २९ किनकि कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन, तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी ख्रीष्टले पनि आफ्नो मण्डलीको निम्ति गर्नुहुन्छ।"**

एफिसी ५:२५-२७,२९मा पावलले चर्चलाई विवाहित दुलहीको प्रतिकमा लिएकोछ। चर्च ख्रीष्टसँगको सम्बन्धमा गाँसिएको छ। विवाहको पुरानो चलन र भूमिका अनुसार विश्वासीहरू ख्रीष्टसँग विवाहमा बाँधिएका छन् भनेर उनले चित्रण गर्दछन्। चर्च दुलही भएको नाताले ख्रीष्ट ईश्वरीय दुलाहा हुनुहुन्छ। तर उहाँ कस्तो खालको दुलाहा हुनुहुन्छ त?:

(१) उहाँले चर्चलाई आफ्नै दुलही जस्तै प्रेम गर्नुहुन्छ (एफिसी ५:२५)। येशूलाई विश्वास गर्नु वा उहाँमा हिंड्नु भनेको उहाँलाई हृदयदेखि प्रेम गरेर उहाँको प्रेमलाई स्वीकारेर प्रेमको आदानप्रदानको काम हो भन्ने तर्कलाई हामीले कहिल्यै पनि बिर्सिनु हुन्न। उहाँले हामीलाई प्रेम गर्नुहुन्छ!

(२) दुलहीको मोल तिर्न उहाँ आफै अर्पण गर्नुभयो। पौराणिक विवाहको व्यवस्थापन अनुसार दुलहाले दुलहीको मोल तिरेर किनेको हुन्थ्यो। यो मोल ठूलो धनराशी र बहुमूल्यको हुन्थ्यो। यस्तो ठूलो हुन्थ्यो कि पौराणिक गाउँको आर्थिक आय नै यस चलनमा भर पर्दथ्यो। येशूले चर्च उहाँको दुलही भएकोले उनको निम्ति ठूलो मोल तिर्नुभएको थियो, त्यो मोल उहाँ आफै हुनुहुन्थ्यो (एफिसी ५:२५)। उहाँ मानव अवतार

लिनुभएर क्रूसमा ज्यान दिनुहुँदा उहाँ आफै दुलहीको मोल तिर्नुभएको थियो।

(३) उहाँकी दुलहीलाई नुहाइ दिनुहुन्छ। विवाह समारोहको निम्ति दुलही तयार हुनु अत्यन्तै महत्त्वपूर्ण भाग हो। यो अहिले पनि सत्य छ। दुलहीका साथीहरू र उनका स्त्री आफन्तहरूले विवाह समारोह निम्ति दुलहीलाई तयार पार्छन्। ईश्वरीय दुलाहाले उनको दुलहीसँग विवाह गर्न उहाँले कस्तो तयार गरिरहनुभएको छ त्यो पावलले कल्पना गर्छन्। उहाँले नै दुलहीलाई धोएर सफा गर्नुहुन्छ र पवित्र पार्नुहुन्छ (एफिसी ५:२६)। शायद यसमा बप्तिस्मालाई सम्बोधन गरेको हुनुपर्दछ।

(४) प्रतिज्ञाको वचन बोल्नुहुन्छ। वचनद्वारा (एफिसी ५:२६) दुलहीलाई सफा गरिन्छ। आफ्नी दुलहीसँग विवाहको बाचा दुलहा येशूले बाँध्नुहुन्छ (एफिसी १:३-१४, २:१-१० येशूलाई विश्वास गर्ने क्षणमा परमेश्वरका प्रतिज्ञाहरू विश्वासीहरूलाई दिएका हुन्छन्)। पौराणिक कालमा मगनी धेरै गम्भिर मामिला थियो। त्यसमा दुलाहाबाट दुलहीको मोल लिखितरूपमै सम्झौता हुन्थ्यो र त्यसको साथमा दुलहीको परिवारबाट दाइजो पनि समावेश हुन्थ्यो।

(५) दुलहीलाई तयार पारिनु र सिंगार्नु। जब चर्चरूपि दुलहीलाई येशू रूपि दुलहाको सामु प्रस्तुत गरिन्छ तब उनी अन्त्यन्तै सुन्दरी र निष्खोट देखिन्छिन् (एफिसी ५:२७)। ख्रीष्टले दुलहीलाई नुहाइमात्र दिनुहुन्न उनलाई सिँगारपतार पनि गरेर विवाहको निम्ति तयार पार्नुहुन्छ।

**ती पदहरूले हामीप्रति येशूको भावना कस्तो रहेछ भनेर हामीलाई बुझाउँछन्? यो हाम्रो निम्ति किन सान्त्वनादायक छ?**

## ३. ख्रीष्टको दुलहीको रूपमा चर्चः भाग २

**पौराणिक विवाह समारोहलाई प्रयोग गरेर कोरन्थीका इसाईहरूलाई येशूकी दुलही भनेर प्रस्तुत गर्दा तिनीहरूलाई कस्तो भयो होला? यो प्रस्तुत खासमा कहिले हुन्छ? हेर्नुहोस्: "१ तिमीहरूले मेरो थोरै मूर्खता सहिदिए पनि हुने! कृपया सहिदेओ! २ ईश्वरीय डाहले म तिमीहरूप्रति डाही भएको छु। एउटै पतिकी पवित्र दुलहीको रूपमा तिमीहरूलाई प्रस्तुत गर्न मैले ख्रीष्टसँग तिमीहरूको मगनी गरिदिएँ। ३ तर जसरी सर्पले आफ्नो चलाकीले हव्वालाई**

**छल्यो, त्यसरी नै ख्रीष्टप्रतिका तिमीहरूको निष्कपट र चोखो भक्तिबाट तिमीहरूका विचारहरू भ्रममा पर्छन् कि भनेर मलाई डर लागेको छ। ४ किनकि यदि कुनै व्यक्ति आएर हामीले प्रचार गरेका भन्दा अर्कै येशूलाई प्रचार गऱ्यो भने, अथवा तिमीहरूले पाएका आत्माभन्दा अर्कै आत्मा तिमीहरूले ग्रहण गऱ्यौ भने, वा तिमीहरूले पाएका सुसमाचारभन्दा अर्कै कुनै सुसमाचार ग्रहण गऱ्यौ भने, तिमीहरू यी सबका सामु सजिलै झुक्दारहेछौ।" २ कोरिन्थी ११:१-४।**

पौराणिक विवाहको चलनलाई चित्रण गरेर पावलले एफिसी ५:२५-२७मा येशू ख्रीष्ट आफैले दुलहीलाई प्रस्तुत गर्नुहुन्छ वा आफैमा। पौराणिक समय वा अहिले पनि दुलहीको बाबुले दुलाहालाई दिन्थ्यो। बाबु नभए कुनै नजिकको आफन्त वा दुलहीको अभिन्न मित्रले दुलाहालाई दुलही बुझाउँथ्यो। तर कहिल्यै पनि दुलाहाले दुलहीलाई सिधै लिन्नथ्यो। यहाँ येशूले चर्चलाई आफ्नी दुलही भनेर उनले आफूलाई नै दिनुभएको पावलले कल्पना गर्छन्।

विवाहको चलनलाई प्रयोग गरेर पावलले ख्रीष्टको सम्बन्ध चर्चसँग कस्तो हुन्छ भनेर श्रृङ्खलाबद्धरूपमा उघारेर देखाउँछन्ः १. मगनी। ख्रीष्ट आफै चर्चलाई सुप्पन्नु हुन्छ वा आफै दुलहीको मोल बन्नुहुन्छ। यस प्रक्रियाले उहाँले चर्चसँग मगनी गर्नुहुन्छ (एफिसी ५:२५)। २. विवाह समारोहको निम्ति तयारी। आफू दुलहा भएको हैशियतले दुलहीलाई तयार पार्ने कामलाई उहाँले निरन्तरता दिनुहुन्छ अर्थात् दुलही वा चर्चलाई चोखो र पवित्र पार्ने काममा उहाँ लागिरहनुहुन्छ (एफिसी ५:२६)। ३. विवाहको समारोह। दुलहीलाई विवाहमा प्रस्तुत गर्ने काममा ख्रीष्टले आफ्नो ध्यान पुऱ्याउनुहुन्छ (एफिसी ५:२७)। जब दुलहा रूपि ख्रीष्ट यस संसारमा फर्किनुहुन्छ तब उहाँले दुलहीरूपि चर्चलाई आफ्नो बनाउन उहाँले भव्य विवाहको समारोह गर्नुहुनेछ (एफिसी ५:२७; २ कोरन्थी ११:१,२; कलस्सी १:२१-२३, २८)।

पौराणिक विवाहको समारोहमा दुलहा आफ्ना जन्तीसँगै रातमा जान्छन् (मत्ती २५:१-१३)। पहिला दुलाहा आफ्नै नयाँ घरमा जन्तीहरू भेला गर्छन् अनि दुलहीकहाँ भव्य लस्करसाथ जान्छन्। हातमा चिराखहरू बाल्दै बाजागाजा र गीत गाउँदै खुशीयालीसाथ दुलहीको बाबुको घरमा जान्छन्। जब तिनीहरू दुलहीको बाबुको घरतिर लम्किन्छन तब बाटोमा दुलहीका जन्तीहरू पनि भेट्दछन्। अनि दुवै लावालश्करहरू दुलहाको नयाँ घरमा आउँछन् र

पाहुनाहरू एक हप्तासम्म भोज भतेरमा लाग्छन्। अनि विवाह समारोह हुन्छ जबहा दुलहीलाई दुलहालाई बुझाएर त्यो विवाह समारोह अन्त हुन्छ।

जब ख्रीष्टले चर्चलाई आफूमा सुम्पिन्छन् तब त्यसबेला ठूलो लावा लश्कर सरिक भएको पावलले चित्रण गर्दछन्। ख्रीष्टको दोस्रो आगमनने भविष्यको विवाहको समारोह हो भनेर पावलले मार्मिक तवरले चित्रण गर्दछन्। त्यसबेला ख्रीष्ट र चर्चको बीचमा भएको लामो मगनी पूरा हुन्छ र विवाहको समारोह उत्सव मनाउने छ।

**यो खुशियाली, सकारात्मक र आशापूर्ण चित्रणमा हामीमा कस्तो सन्देशले प्रेरित हुनुपर्दछ?**

## ४. तिम्रो पत्नीलाई आफूलाई जस्तै प्रेम गर्नु

**पतिहरूले आफ्ना पत्नीहरूप्रति कस्तो कोमल प्रेमको व्यवहार गर्नुपर्छ भनेर पावलले कस्तो नयाँ तर्क प्रस्तुत गर्छन्? हेर्नुहोसः "२८ पतिहरूले आ-आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ। आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ। २९ किनकि कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन, तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी ख्रीष्टले पनि आफ्नो मण्डलीको निम्ति गर्नुहुन्छ, ३० किनभने हामी उहाँका शरीरको अङ्ग हौं। ३१ "यसकारण मानिसले आफ्ना आमा-बुबालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन्।" एफिसी ५:२८-३१।**

इसाई परिवारमा अपनाउनुपर्ने नीतिहरू (एफिसी ५:२१-६:९) ले तत्कालिन सामाजिक परिवेशलाई चुनौती दिएको पाइन्छ। एफिसी ५:२८-३० मा त्यस समय र कतिपय अहिले पनि घरेलु हिंसालाई पावलले सम्बोधन गरेको पाइन्छ। आफ्नो श्रीमतीहरूलाई पिट्नु र दुर्व्यवहार गर्नु भनेको आफ्नै शरीरलाई घृणा गर्ने स्थितिमा रहनु हो भनेर उनले बताउँछ (एफिसी ५:२८,२९)। पावलको समयमा ग्रिक र रोमन सभ्यतामा परिवारको मूली वा पिताको कानुनी अधिकार धेरै थियो। ल्याटिन वा रोमको भाषामा pater familias पाटर फामिलियाज भनिन्छ। आफ्नो श्रीमती, छोराछोरी र दासहरूलाई उसले मार्न सक्थ्यो। त्यो उसको कानुनी अधिकार थियो। तर समाजको सजगताले गर्दा श्रीमानले आफ्ना श्रीमती र छोराछोरीहरूले त्यस्तो व्यवहार कमै गरिन्थ्यो।

कतिपय समाज वा संस्कारमा पतिलाई प्रेम गर्नुपर्छ र पतिको अधिनमा पत्नी बस्नुपर्छ र पतिले जे व्यवहार गरेपनि सहनुपर्छ भनेर सिकाउँछ। तर त्यसको बिपरित पतिले पत्नीबाट पाउने प्रेम वा पतिको अधिनमा बस्ने कुन सर्तमा भनेर बाइबलमा स्पष्ट गरेको छ। जसरी ख्रीष्टले चर्चलाई आफ्नै ज्यान दिएर प्रेम गर्नुभयो त्यसरी नै पतिले पत्नीलाई ज्यान दिने प्रेम हुनुपर्छ भनेर पावलले एफिसी ५:२५-२७मा बताउँछ। यो तत्कालिन होस् वा आधुनिक समाजमा होस् त्यस खालको प्रेम पति र पत्नीको बीचमा हुनुपर्ने नीति एकदम फरक छ। इसाई पतिले येशूको महान् उदाहरणको अनुसरण गर्नुपर्छ र येशूले जस्तै आफ्नो पत्नीलाई प्रेम गर्नुपर्छ भनेर पावलले आह्वान गर्दछन् (एफिसी ५:२९)। उनले लेख्छन्, "२५ पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, २६ यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, २७ र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्।" एफिसी ५:२५-२७। त्यसबेलाको संस्कार र समाजले मान्यता दिएको पतिले पत्नीलाई दमन नीति अपनाएर प्रभुत्त्व कायम गर्नुबाट फनक्क फर्के येशूको कोमल प्रेमको नीतिमा चल्नुपर्छ भनेर इसाई पतिहरूलाई पावलले चुनौती दिन्छन्।

एफिसी ५:२८-३०मा इसाई पतिहरूले आआफ्ना पत्नीहरूलाई कस्तो प्रेम गर्नुपर्छ भनेर अर्को तर्क प्रस्तुत गर्दछन्, त्यो होः आफूले आफैलाई प्रेम गर्ने वा आफ्नो शरीरलाई सम्मान गर्ने। यस विषयमा पावलले ध्रुबसत्य प्रस्तुत गर्छन्, "कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन, तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी ख्रीष्टले पनि आफ्नो मण्डलीको निम्ति गर्नुहुन्छ।" एफिसी ५:२९। कसैले पनि आफ्नो शरीरलाई कष्ट दिन चाहन्दैन बरु पालनपोषण गर्दछ। घरेलु हिँसा व घरमा झैँझगडालाई निराकारण गर्न इसाई पति आफूलाई आफ्नो पत्नीसँग चिनारी गर्नुपर्छ भनेर पावलले आह्वान गर्दछन्। पति पत्नीकै एक अङ्ग भएकोले उनलाई चोट पुऱ्याउनु भनेको आफूले आफैलाई चोट पुऱ्याउनु हो। प्रायजसो ठिक वा संतुलित दिमाग भएको मानिसले आफूले आफैलाई हिँसा गर्दैनन्।

येशूका उदाहरणतिर फर्किन्दै पावलले यो तर्क प्रस्तुत गर्छन् कि येशू आफैले विश्वासीहरू उहाँको शरीर भएकोले तिनीहरूलाई उहाँले कोमल

तरिकाले हिफाजत गर्नुहुन्छ (एफिसी ५:२९)। पति भएको हैशियतले आफू पत्नीको निम्ति अनुसरणीय उदाहरण बन्नु पर्छ अर्थात् पतिलाई येशूले कस्तो व्यवहार गर्नुहुन्छ त्यही व्यवहार पत्नीलाई पनि गर्नुपर्छ भन्ने पावलको जिकिर छ।

**दुवै पति र पत्नि कसको उदाहरणमा चल्नुपर्छ भनेर पावलले जिकिर गर्दछन्। तपाईंको आफ्नै परिवारको घेरामा रहेकाहरूलाई प्रेम गर्न तपाईं कसरी सिक्ने?**

## ५. विवाहित जीवन एकै हाडछालाको जीवन हो अर्थात् पति र पत्नी एकै जिउ हुन्

**उत्पत्ति २:१५-२५को विवरणलाई अध्ययन गर्नुहोस्। पति र पत्नी एकै जिउ हुन् भनेर उच्चारण गर्नुभन्दा अघि कथामा पहिला के भएको पाइन्छ? हेर्नुहोस्, "१५ परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो। १६ अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखका फल तिमीले सङ्कोच नमानी खाए हुन्छ, १७ तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ तिमी निश्चय नै मर्नेछौ।**

**१८ फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एकलो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।" १९ परमप्रभुले सबै वन-पशु र आकाशका सबै पन्क्षी लाई भूमिबाट बनाएर मानिसले तिनीहरूको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो। र मानिसले हरेक प्राणीलाई जे-जे नाउँ दिए त्यही-त्यही नै त्यसको नाउँ भयो। २० अनि मानिसले नै सबै पालिने पशु, आकाशका पन्क्षी र सबै वन-पशुहरूका नाउँ राखे। तर आदमको* निम्ति तिनलाई सुहाउँदो कोही सहयोगी पाइएन। २१ यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो। २२ जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो। २३ मानिसले भने, "यो त मेरै हाड़को हाड़ र मासुको मासु हो। तिनलाई स्त्री भनिने छ। किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्।" २४ यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी पत्नीसँग**

**मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन्। २५ मानिस र तिनकी पत्नी दुवै नाङ्गा थिए, र लजाउँदैनथे।"**

पति र पत्नी एकै जिउका हुन् भन्ने धारणा पावलले उत्पत्ति २:२४बा लिएका थिए। जब पावलले यस सृष्टिको कथामा ध्यान दिन्छन्, तब इसाई इसाईहरूको बीच र स्वस्थ इसाई परिवारको निम्ति आवश्यक नीति "एक जिउ" भन्ने धारणलाई आत्मसात् गर्नुपर्छ भन्ने उनको राय छ। उत्पत्ति २:२४को सन्देश युगौं युगसम्म लागुभएको उनले तर्क गर्छन्। वैवाहिक सम्बन्ध एक जिउ भन्ने परमेश्वरको संरचना हो। पति र पत्नीको बीचमा यौन सम्पर्कद्वारा भावनात्मक, आत्मिक र शारीरिक एकतामा तिनीहरू रहन्छन्।

यो पनि सोच्नुहोस् कि पावलले उत्पत्ति २:२४को पदलाई पाप आउनुभन्दा अघिको चुन्दछन्। यही पद इसाई पति र पत्नीहरूको बीचमा येशूमा भक्तिभाव राखेर सम्बन्ध हुनुपर्छ भनेर पावलले प्रयोग गर्दछन्। यस पतित संसारमा पुरुष र स्त्री बीचमा यौन सम्बन्ध कतिपय समयमा कामवासना तृप्त गर्ने र पुरुषले यौन शोषण गर्ने संस्कारले यो संसार चलिरहेको छ। पत्नी पतिको यौन क्रिडास्थल मात्र हो भन्ने प्रवृत्ति कतिपय मानिसहरूमा हुन्छ। तर पति र पत्नीको बीचमा आपसी समझदारीमा हुने यौन सम्पर्क एकले अर्कोलाई दवाउने नभएर एकै जिउ भन्ने अवधारणा उत्पत्तिको पुस्तकले दिँदछ। यसमा श्रीमान र श्रीमतीको बीचमा दमन नीति नभएर एउटै हाडछाला र मासु भन्ने अवधारणाले प्रमुखता दिएको छ।

विद्यमान संस्कार र संस्कृति वा चालचलनको प्रतिवाद गर्न एफिसी ५:२१-३३ र उत्पत्ति २:२४लाई प्रयोग गरेर वैवाहिकमा यौन सम्पर्को उचित दर्शन प्रस्तुत गर्नु आवश्यक छ।

फेरि वैवाहिक जीवन गम्भिर रहस्य हो (एफिसी ५:३२) भनेर पावलले चर्चा गर्दछन्। वैवाहिक जीवन किन रहस्यमय छ भनेर पावलले त्यसलाई पति र पत्नीको बीचको सम्बन्धलाईमात्र नलिइकन ख्रीष्टको सम्बन्ध उहाँको चर्चसँग (एफिसी ५:३२) र चर्चसँग उहाँको सम्बन्ध इसाई पवित्र विवाहको परिप्रेक्ष्यमा बुझ्न कोशिश गर्नुपर्छ (एफिसी ५:३२)।

जब इसाई विवाह ख्रीष्ट र चर्चसँग तुलना गरिन्छ तब त्यो विवाहको गरिमा उच्च भएको हुन्छ। त्यसको थपमा चर्चको ख्रीष्टसँगको सम्बन्धको आँखाले हेर्नुपर्दछ। जब चर्चमा येशूको स्याहार, प्रेम, सदाशयता, कोमलता, शिष्टता, त्यागको अनुभव गरिन्छ तब विवाहित विश्वासीको जीवन पनि त्यही

येशूको मिजासलाई एक आपसमा बाँड्ने हुन्छ भन्ने नयाँ र आदर्श सोचमा विश्वासीहरू पर्न सक्छन्।

**एफिसी ५:२१-३२को सारांश एफिसी ५:३३ हो भनेर पावलको सल्लाह कुन तरिकाहरूले मान्नुपर्दछ? तपाईंहरूको वैवाहिक जीवनमा ती नीतिहरू पूरा लागु गर्न कसरी प्रयास गर्न खोज्न सक्नुहुन्छ?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइट, "रेस्पोन्सिबिलिटिज अभ मारिड लाइफ," *टेस्टिमोनिज फर द चर्च,* ठेली ७, पृ. ४५-५०; "म्युचिएल अब्लिगेशनस्," *द एडभेन्टिस्ट होम,* पृ. ११४-१२०।

विवाहित जोडीले एक आपसलाई नियन्त्रण गर्ने र दवाउने प्रवृत्तिबाट हट्नुपर्छ भन्ने एलेन जी ह्वाइटले बारम्बार आह्वान गर्दछिन्: "एक आपसको इच्छालाई एक आपसले नियन्त्रण गर्ने प्रयास गर्नुहुन्न । यदि एकले अर्कोलाई दवाएर घरपरिवार चल्यो भने त्यहाँ प्रेमको वातावरण हुनसक्दैन । एक आपसमा दया देखाउनु पर्छ, सदाशयता, धैर्यता, सहनशीलता, शिष्टता हुनुपर्छ । आफ्नो भाउभन्दा अर्कोको भाउ उचाल्ने खालको व्यवहार पति र पत्नीको बीचमा हुनुपर्दछ।"- *द एडभेन्टिस्ट होम,* पृ. ११८।

कलस्सी ३:१० र एफिसी ५:२२-२४को सिधै व्याख्या गरि उनले प्रयोगात्मक टिप्पणी गर्दछिन्: "कतिपय समयमा मलाई यो सोध्छन्, "के पत्नी पतिको अधिनमा बस्नुपर्छ भन्दैमा पत्नीको आफ्नै इच्छा वा चाहना हुनुहुँदै र? हो, बाइबलले स्पष्टरूपमा भनेको छ, "पति परिवारको शिर हो। पत्नीहरू आफ्नै पतिहरूप्रति समर्पित हुनुपर्छ। यदि हामी यही आदेशमा टुङ्ग्याउँछौं भने हामी यो भन्न सक्छौं कि कोही स्त्री पनि पत्नी हुन चाहना गर्नु आवश्यक हुँदैन।...धेरै पतिहरूले "पत्नीहरू हो, तिमीहरू आआफ्ना श्रीमानहरूको अधिनमा बस" भनेर त्यहीं रोक्दछन्। तर त्यतिमात्र भनेर चुप लाग्नु पत्नीहरूप्रति सरासर अन्याय भएको हुन्छ। हामीले यो पनि पढ्नुपर्छ, "पत्नी हो, *प्रभुको दृष्टिमा सुहाउँदो गरी* आ-आफ्ना पतिहरूका अधीनमा बस।" कलस्सी ३:१८। पत्नीले आफ्नो सामु परमेश्वरप्रति श्रद्धा र महिमालाई प्रार्थमिकता दिन परमेश्वरको आदेश छ। पूर्ण समर्पण केवल प्रभु येशू ख्रीष्टप्रतिमात्र हुनुपर्दछ, किनभने उनलाई आफ्नो बालिका बनाउन अपार मोल अर्थात् आफ्नै ज्यान उहाँले फाल्नुभएको थियो।...पतिभन्दा उच्च स्थानमा

परमेश्वर हुनुहुन्छ; उहाँ पत्नीको पनि मुक्तिदाता हुनुहुन्छ। परमेश्वरको दृष्टिमा सुहाउँदो वा परमेश्वरमा योग्य व्यक्ति पति हो भनेर पतिप्रति समर्पित हुनु जायज हुन्छ।"-*द एडेभन्टिस्ट होम,* पृ.११५,११६।

**चिन्तनमननः**

अ. कतिपय इसाईहरूले नै एफिसी ५:२१-३३ पुरानो नीति हो, बर्तमान परिप्रेक्ष्य र कतिपय समाजमा त्यो लागु हुँदैन किनकि श्रीमती भनेको श्रीमानको दोस्रो दर्जाको लिङ्ग हो र श्रीमानको अधिकारमा बस्नै पर्छ भनेर सिकाउँदछन्। यसमा हामीले कस्तो जवाफ दिने? ती अंश आफैमा के छ जसले पत्नीप्रति गलत धारणाको प्रतिवाद गर्न सकिन्छ।

आ. कतिपय वैवाहिक जीवन कठिन र चुनौतीपूर्ण भइरहेको छ। एफिसी ५:२१-३३मा पावलले दिएको अर्तीले कस्तो सान्त्वना दिन वा सहयोग गर्न सक्छ?

इ. कतिपय इसाईहरूले नै उत्पत्ति १ र २को उत्पत्तिको विवरण केवल प्रतिकमात्र हो र त्यसमा कुनै वास्तविकता छैन भनेर तर्क गर्छन्। वर्तमान वैज्ञानिकहरू र इसाईहरूले नै यो पृथ्वी खरबौं वर्षको भनेर विकासवाद सिद्धान्तलाई मानेका छन्। जब पावलले उत्पत्तिकै पुस्तकबाट उदाहरणलाई लिँदा सृष्टिको कथा अक्षरस वा वास्तविक हो भनेर हामीले कसरी ठोकुवा गर्न सक्छौं?

ई "एकै जिउ" भन्ने अवधारणामा अझ धेरै ध्यान गर्नुहोस्। यसले वैवाहिक जीवन कतिको पवित्र छ भनेर यसले हामीलाई बुझाउँछ र दम्पत्तिले आफ्नो दिलोज्यानले सम्भव भएसम्म त्यस पवित्रतालाई कसरी सुरक्षित राख्ने?

# कथा १०

# लागु पदार्थको कारोबार गर्नेदेखि...

## मारेक, पोल्याण्ड



माथ्यु र मार्टिन स्कुलमा मारेकको एकदम मिल्ने साथी थिए। जब स्कुलमा झगडा हुन्छ र विद्यार्थीहरूको बिचमा कुटाकुट हुन्थ्यो ती तीन किशोरहरू माथ्यु. माटिन र मारेकलाई दोष लगाउँथ्यो।

यो कथा लेखिएको समयमा माथ्युको मृत्यु भइसकेको छ। मार्टिन सात वर्ष झ्यालखानामा बिताएको थियो। मारेकले लागु पदार्थको कारोबार गर्थ्यो। तर अहिले ऊ पोल्याण्डको सेभन्थ-डे एडभेन्टिस्ट चर्चको युवाहरूको अगुवा भएर प्रभुको सेवा गरीरहेको छ।

<u>मारेक त्यस स्थितिमा कसरी पुग्यो त?</u>

पोल्याण्डको दक्षिण भागमा इसाई परिवारमा मारेक जन्मेको थियो। जब ऊ १८ वर्षको थियो तब उसको मन पर्ने प्रियसीले उसलाई त्यागेपछि उसको जीवन नै खतम भयो। उसले त आत्महत्या पनि गर्न चाहेको थियो। ऊ दुई हप्तासम्म घरको ओछ्यानमै गुप्तबास बस्यो। दुई हप्तासम्मै रोएर आँशु बगाएर बसेको थियो। आखिरमा उसले प्रार्थना गर्ने निर्णय गऱ्यो. "प्रभु. उनी मतिर आएको चाहन्छु।" केही पनि भएन। आखिरमा उसले यो पनि प्रार्थना गऱ्यो. "प्रभु. म बिउँतिन पनि चाहन्न। मेरो जीवन मेरो निम्ति पिडादायी भइरहेको छ।" फेरि. केही पनि भएन।

मारेकले प्रार्थना गर्न पनि छोडयो। धर्मप्रति विरक्त भएर नास्तिक बन्यो। उसले लागु पदार्थ खान खान थाल्यो। उसको साथी मार्टिन लागु पदार्थको कारोबार गर्न थालेको थियो। मारेकलाई आफूसँग मिल्न मार्टिनले तान्यो। अनि मारेक सफल लागु पदार्थको ब्यापारी बन्यो र आफू पनि दुर्व्यसनमा फस्यो। एक दिन उसले सोच्यो. "यो जीवन कस्तो रमाइलो छ। पैसा पनि धेरै कमाइन्छ र सधैं पार्टी गरेर मोजमस्ती गर्न पाइन्छ

यसरी उसको जीवन दुई वर्ष वित्यो। सन २००० को नव वर्षको पार्टीमा नाचगान गर्ने उसले कुनै मिल्ने साथी भेट्टाएन। यो ठूलो अवसर थियो। ऊ २१ वर्षको थियो। अनि उसले हजुरआमाको घरमा जान निर्णय गऱ्यो र गयो।

हजुर आमाको घरमा गएको रातमा उसले हजुर आमाको कोठमा भएको येशूको फोटोलाई एक टक लगाएर हेर्न थाल्यो। उसले सोच्न थाल्यो, "मैले परमेश्वरलाई विश्वास नगरेपनि येशू त वास्तविक हुनुहुन्थ्यो। उहाँ यस संसारमा हुनुहुन्थ्यो। यथार्थमा हामी अहिले उहाँको जन्मको २००० वर्षको जन्मदिन मनाउँदैछौं।"

अनि आफू सानो हुँदा कसरी बाइबल पढ्थें भन्ने याद आयो। येशू असल मानिस हुनुहुन्थ्यो र उहाँले सबैलाई माया गर्थ्यो। उसले सोच्यो, "यदि येशू असल हुनुहुन्थ्यो भने के म असल छु त?" त्यसबेला उसको विवेकमा एउटा आवाजले बोल्यो, "तिमी असल छौ। तिमी म जस्तै असल छौ।" तर, कसले बोल्यो आजसम्म उसलाई थाहा छैन। तर, त्यो आवाज निर्णायक आवाज थियो। त्यसले परमेश्वरको अस्तित्वको बारेमा गम्भीर रूपमा सोच्न थाल्यो।

धेरै दिन पछि एक दिन ऊ जोखना हेर्ने स्त्रीकहाँ गइन्। उसको भविष्य उसलाई प्रकट गर्न सक्छु भनेर दावी गरेकी थिइन्जोखना हेर्ने कागज हेरेर उनले उसलाई यो बताइन्, "संसारको अन्त छिट्टै हुँदैछ। मानिसहरू परिवर्तन हुनु आवश्यक छ। तिनीहरू प्रार्थना गर्नु आवश्यक छ।" मारेक छक्क पर्‍यो। संसारको अन्त कहिले हुनेछ भन्दा ठ्याक्क एक वर्षपछि भनेर उनले जवाफ दिइन्।

अनि उसले बाइबल पढ्न थाल्यो। संसारको अन्त कसरी हुन्छ भनेर बाइबलले के सिकाउँछ भन्ने जिज्ञासा राख्दै उसले बाइबललाई पल्टाउन थाल्यो। प्रकाशको पुस्तकबाट आफूले जवाफ पाउनेछ भनेर पढ्न थाल्यो। उसले तिन पटक प्रकाशको पुस्तक पढ्यो तर केही पनि बुझ्न सकेन। अनि सुसमाचारको पुस्तकहरू पढ्न थाल्यो। येशूको राज्य छ जहाँ मानिसहरू अनन्त समयसम्म खुशी रहनेछन् भनेर पढ्दा ऊ छक्क पर्‍यो। कहिल्यै अन्त्य नहुने सिद्ध संसारमा आफू रहन चाहेको भनेर सोच्न थाल्यो। पार्टी र मनमौजी गर्नेको बिचमा त्यस येशूको राज्यमा आफू कसरी सरिक हुने भनेर खोजनीति पनि गर्न थाल्यो।

एक दिन पार्टीपछि कारमा बसेर साथीहरूसँगै खान बस्दा झ्यालबाट बाहिर साइन्स अभ टाइम लेखेको किताब पसल उसले देख्यो। त्यसको नाउँले नै उसलाई आकर्षित गर्‍यो। सुसमाचारको पुस्तकमा येशूले आखिर समयमा हुने चिन्हहरूको बारेमा पढेको याद उसलाई याद आयो। त्यस पुस्तक पसलले

आफूलाई संसारको अन्तको निम्ति तयार पार्छ कि भनेर सोच्न थाल्यो। अर्को दिन त्यही पसलमा भविष्यको बारेमा अनुमान गरेर लेख्ने नोस्ट्रडमसको पुस्तक छ कि भनेर पसलेलाई सोध्यो। त्यस पसलकी महिलाले भनिन्,"हामीसँग त्यो किताब त छैन। तर तपाईँलाई भविष्यवाणीको बारेमा सिक्न चाहनुहुन्छ भने *द ग्रेट कन्त्रोभर्सी* पुस्तक पढ्नुहोस्," भनेर उसको हातमा त्यो पुस्तक राखिदिइन्। त्यो एडभेन्टिस्ट किताब पसल थियो। मारेकले एलेन ह्वाइटले लेखेको किताब किन्यो।

यरुशलेमको ध्वस्त भएदेखि इसाई चर्चको इतिहास र येशूको दोस्रो आगमनको बारेमा पढ्दा मारेक चकित भयो। उसले इन्टरनेटबाटै बाइबल हेरेर त्यस पुस्तकमा उल्लेख गरेका बाइबलका पदहरू पढ्यो। सबै ठिक भएको उसले महसुस गऱ्यो।

एक रात त्यस *द ग्रेट कन्त्रोभर्सी* ओछ्यानमा पढिरहेको बेलामा उसले सोच्यो, "के मैले यस पुस्तकबाट आत्मज्ञान पाइरहेको छु त?" मार्टिन लुथरले परमेश्वरबाट कसरी आत्मज्ञान पाएको थियो भनेर उसले त्यस पुस्तकमा पढ्यो। आफू पनि आत्मज्ञान पाइरहेको हो कि भनेर महसुस गर्न थाल्यो। त्यसैबेला उसको शिरमाथि रहेको चिम झिम झिम गर्न थाल्यो। १०, १५ र २० सेकेन्डसम्म चिम झिम झिम भएको थियो। त्यस्तो पहिला कहिल्यै भएको थिएन। मारेक आत्तिन थाल्यो। अनि अचानक आफ्नो प्रतिबिम्ब अर्को झ्यालमा देख्यो। त्यहाँ आफ्नो शिरमाथि रहेको चिम देख्यो। त्यसैबेला चिम झिमझिम हुन छोड्यो र चिम चहकिलो भएर बल्न थाल्यो। उसले अब स्पष्ट जवाफ पाएको थियो। उसले सोच्यो, "यो चिम जस्तै मेरो दिमागमा आत्मज्ञानको ज्योति चम्केको छ।"

उसको जीवनमा पहिलो पल्ट परमेश्वर र उहाँका प्रेम आफूमा उपस्थित रहेको उसले महसुस गऱ्यो। (मारेक मिस्यक अहिले पोल्याण्डको होप प्रसारणको नियमित वक्ता पनि भएका छन्)।

***-आन्ड्र्यु मेकचेस्नी***